शिवपुरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शेरावगर, नुवाकोट

बागमती प्रदेश, नेपाल

पत्र संख्या

च.नं. ११८५

मिति: २०७६/१२/०९

विषय: विपन्न लक्षित छात्रवृत्ति फारम भराउने सम्बन्धमा।

श्री सबै आधारभूत तह (कक्षा-८) र माध्यामिक विद्यालयहरु,

शिवपुरी गाउँपालिका

प्रस्तुत विषयमा विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको मिति २०७६/११/०६ को पत्रानुसार विद्यालयहरुले कक्षा ८ र १० का विद्यार्थीहरुलाई अनिवार्य रुपमा विपन्न लक्षित फारम (PTM) भराई अनलाइन मार्फत यहि चैत्र २० गते भित्र सम्बन्धित सबै विद्यालयहरुले आ-आफ्नो iemis log in गरी अपलोड गर्नुहुन अनुरोध छ।

नोट: विद्यालयहरुले iemis log in गर्दा user id मा iemis code र password राख्नुहोला।

विपन्न लक्षित छात्रवृत्तिको लागि चाहिने पि.एम.टी एक्सेल अनलाइन इन्ट्रीका लागि विद्यालयहरुले iemis.doe.gov.np मा जाने, log in गर्ने, Export Excels मा जाने, PMT Exporting मा क्लिक गर्ने, सालमा २०७६ छान्ने, कक्षामा ८ र १० राख्ने, अनि go गर्ने। यति गरेपछि तपाईंको डेस्कटपमा PMT भर्ने Excel निस्कन्छ त्यसैमा विवरण भर्ने।

थप जानकारीको लागि sfafdb.edu.np मा log in गर्नुहोला। जसमा youtube video समेत राखिएको छ।

ज्ञानेन्द्र प्रसाद भट्ट

प्रमुख

शिक्षा यूवा तथा खेलकूद शाखा

# विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति
Student Financial Assistance Fund Development Board (SFAFDB)


प. सं. 
च. नं. ६२
दर्ता मिति ०७६/११/६

मिति २०७६।११।०६

श्री स्थानीय तह सवै ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ सवै ।

**विषय: विद्यालयहरूलाई विपन्न लक्षित फाराम भराउने सम्वन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र तथा विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिले विद्यार्थीहरूको आवश्यकता पहिचान गरी विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम रहेको छ । फाराम भराउने सम्वन्धमा मिति २०७६।१०।१६ गतेको गोरखापत्रमा पनि सूचना प्रकासित भैसकेको छ । उक्त अवधिसम्ममा कतिपय विद्यालयहरूले फाराम नभराइएको पाइएकाले सो सम्वन्धमा विद्यालयहरूलाई मिति २०७६।१२।२० गते सम्ममा फाराम भराउने जानकारी गराइदिनुहुन निर्देशानुसार अनुरोध छ ।

तपसिल

१. फाराम भराउन योग्य विद्यालयहरू देशभरका कक्षा ८ सम्म वा कक्षा १२ सम्म संचालित सामुदायिक विद्यालयहरु, नियमित रुपमा सरकारी अनुदानप्राप्त परम्परागत विद्यालयहरु गुरुकुल/आश्रम, गुम्बा, मदरसाहरु हुनेछन् ।

२. विपन्न लक्षित छात्रवृत्तिको लागि चाहिने पि.एम.टी एक्सेल (Online Entry का लागि) विद्यालयहरूले **iemis.doe.gov.np** मा जाने, Log in गर्ने, Export Excels मा जाने, PMT Exporting मा क्लिक गर्ने, सालमा २०७६ छान्ने, कक्षामा ८ र १० राख्ने, अनि Go गर्ने । यति गरेपछि तपाईको Desktop मा PMT भर्ने Excel निस्कन्छ त्यसैमा विवरण भर्ने ।

३. हाल कक्षा ८ र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरू लाई कक्षा ९ र कक्षा ११ मा पुगेपछी छात्रवृत्ति उपलब्ध गराइने छ ।

४. विद्यार्थीलाई छात्रवृत्ति वापत कक्षा ९ र १० को लागि प्रति कक्षा प्रति विद्यार्थी वार्षिक रु ६०००। र कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरतका बार्षिक रु २४,०००। विज्ञान वाहेक अन्य विषयमा कक्षा ११ र १२ का लागि बार्षिक रु १८,००० । विद्यार्थीको बैंक खातामा निकासा हुनेछ ।

५. छात्रवृत्तिको नतिजा २०७६।१२।२५ गते प्रकासित गरिनेछ। छनौट नतिजाका लागि विद्यालयले **iemis.doe.gov.np** मा गई आफ्नो user name र password को प्रयोग गरी Poverty Report बाट नतिजा प्राप्त गर्ने ।

६. नतिजा प्रकासन भएपछि छनोट भएका विद्यार्थीहरूलाई कक्षा ९ मा भर्ना हुनासाथ Poverty Report मा दिइएको सूचना अनुसार विद्यार्थीहरूलाई पायक पर्ने 'क' वर्गको बैंकमा खाता खोलाउने ।

७. फाराम भर्ने जानकारी सम्वन्धमा sfafdb.edu.np भित्र फारामको पि.एम.टी फारामा youtube video समेत राखिएको छ ।

कलावती विष्ट
प्रशासकीय अधिकृत


तिनकुने, काठमाडौं, नेपाल, फोन नं.: ०९७७-०१-४१११७१२, फ्याक्स: ०९७७-०१-४११७५५०, ईमेल: sfafdv@wlink.com.np
Tinkune, Kathmandu, Nepal, Phone: 0977-01-411712, Fax: 0977-01-4117550